

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०१९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर ११ गते मंगलबार ❑ 26 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## चीन भ्रमणमा ऋणसम्बन्धी कुनै सम्झौता हुँदैन : प्रधानमन्त्री

रासस
काठमाडौं, १० मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीले यही मङ्सिर १७ गतेदेखि हुने आफ्नो यस पटकको औपचारिक चीन भ्रमणका क्रममा ऋणसम्बन्धी कुनै सम्झौता नहुने बताउनुभएको छ।



आसन्न चीन भ्रमणका सम्बन्धमा सोमबार पूर्वप्रधानमन्त्रीहरू र पूर्वपरराष्ट्रमन्त्रीहरूसँगको छलफलमा प्रधानमन्त्री ओलीले 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बिआरआई) ऋणको परियोजना नभएको उल्लेख गर्दै चीनसँग ऋण लिने र नलिने भन्ने अहिले विवादको विषय नभएको स्पष्ट गर्नुभयो । "हामीलाई आवश्यक भएमा जुनसुकै मुलुक र निकायबाट राष्ट्रिय स्वार्थका आधारमा ऋण वा अनुदान लिन सक्छौँ । ऋणको पासोमा पार्न ऋण लिइँदैछ भनेर गरिने अनावश्यक हल्लामा हामी लाग्नु हुँदैन । चीनसँग हाम्रो लामो र मित्रवत् सम्बन्ध छ । दुई देशको मित्रतालाई थप बहुआयामिक बनाउन यो भ्रमण गर्न लागिएको हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी पहिला जुन मुलुकको भ्रमणमा गए पनि देशको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रता अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रहितलाई सर्वोपरि प्राथमिकतामा राख्छौँ । त्यसकारण यो भ्रमण सफल हुन्छ। सरकारमा रहेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का बीचमा भ्रमणका विषयमा विवाद छ भनेर भ्रम फिजाउनुको कुनै अर्थ छैन । विश्व शान्ति र नेपालको हितमा बाहेक हामी अरू कुनै काम गर्दैनौँ । यसमा ढुक्क हुन आग्रह गर्दछु ।"

प्रधानमन्त्री ओलीले चीन भ्रमणमा विशेषगरी विगतमा भएका सहमति र सम्झौताको प्रभावकारी कार्यान्वयनका साथै प्रसारण लाइन विस्तार, नेपालको उत्पादन चीनमा निर्यात र अन्य सहयोगका विषयमा छलफल हुनेगरी तयारी भएको जानकारी दिनुभयो । उहाँले अर्को छिमेकी भारतसँग पनि उस्तै मित्रवत् सम्बन्ध रहेको स्पष्ट गर्दै दुई देशको मैत्री सम्बन्धको लाभ नेपालको आर्थिक विकासमा हुनेगरी लिन सक्नुपर्नेमा जोड दिनुभयो । नेपालका कार्यकारी प्रमुखको औपचारिक भ्रमण पहिला कुन मुलुकबाट गर्ने भन्ने यहाँको आवश्यकता र निर्णयका आधारमा हुने भएकाले यस्ता विषयलाई कुनै देशविरुद्ध 'कार्ड' का रूपमा कसैले लिन नहुने प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो । छलफलमा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूले विगतमा पहिला चीन भ्रमण गरेर परम्परा तोडेको उल्लेख गर्दै आफूले चीन कार्ड खेल्न खोजेको भन्ने आशयले नभई मुलुककै राजनीतिक उतारचढावका विषयमा कार्ड खेल्न नहुने भनी अभिव्यक्ति दिएको स्पष्ट गर्नुभयो । उहाँले गत वर्ष आफू प्रधानमन्त्री हुँदा चीनसँग भएका सम्झौताहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चीन भ्रमणका सवालमा सत्तारूढ दुई दलीय संयन्त्रबाट 'एजेन्डा'का विषयमा गृहकार्य भइरहेको र प्रधानमन्त्री तहबाट चाँडै सबै एजेन्डालाई अन्तिम रुप दिइने बताउनुभयो । उहाँले यस विषयमा दुई दलमा बाहिर आए जस्तो कुनै विवाद नरहेको बताउनुभयो ।

छलफलमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा काठमाडौँ उपत्यकाबाहिर रहेका कारण अनुपस्थित हुनुहुन्थ्यो भने पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, पूर्वपरराष्ट्रमन्त्रीहरू ईश्वर पोखरेल, नारायणकाजी श्रेष्ठ, भेषबहादुर थापा, एनपी साउद, महेन्द्रबहादुर पाण्डे, डा प्रकाशचन्द्र लोहनी, डा विमला राई पौड्याललगायत सहभागी हुनुहुन्थ्यो ।

## पुस्तकमा समेटियो १०८ जना निवृत्त प्राध्यापकको जीवनी

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

निवृत्त प्राध्यापक समाज, पोखराले सेवानिवृत्त प्राध्यापकको संक्षिप्त परिचयात्मक जीवनी तथा अनुभव समेटिएको पुस्तक 'निवृत्त प्राध्यापक मञ्च, सङ्क्षिप्त जीवनी-एक' प्रकाशन गरेको छ।



समाजले २०८१ साउन महिनासम्म नेपालका विभिन्न विश्वविद्यालयहरूबाट निवृत्त भएर पोखरा र आसपासका क्षेत्रमा बसोबास गरिरहेका १०८ जना प्राध्यापकको सङ्क्षिप्त परिचयात्मक जीवनी तथा अनुभवलाई पुस्तकमा समेटेको हो । गण्डकी विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरूङ, पृथ्वीनारायण क्याम्पसका संस्थापक क्याम्पस प्रमुख जोर्ज जोन, समाजका अध्यक्ष कृष्णप्रसाद पौडेलले आज संयुक्त रूपमा पुस्तक लोकार्पण गर्नुभयो । कुलपति गुरूङले लामो समय विश्वविद्यालयको सेवामा रही निवृत्त रहेका प्राध्यापकको जीवनी तथा अनुभव समेटिएको पुस्तक शिक्षाप्रद बन्ने विश्वास व्यक्त गर्नुभयो । उच्च शैक्षिक क्षेत्र चिन्ताजनक भएको उल्लेख गर्दै उहाँले यसलाई सुधार गर्दै लगिने बताउनुभयो । विविधतायुक्त मुलुकलाई अझै राम्रो बनाउन सकिने बताउँदै उहाँले शैक्षिक गुणस्तरीयतामाजोडदिनुपर्नेआवश्यकता औँल्याउनुभयो । पृथ्वीनारायण क्याम्पसका संस्थापक क्याम्पस प्रमुख जोर्ज जोनले पुस्तक प्रकाशनमार्फत समाजले गरेको रचनात्मक कामको प्रशंसा गर्नुभयो । पुस्तकको समीक्षा गर्दै विन्दुवासिनी संस्कृत विद्यापीठका प्राचार्य प्राडा जगन्नाथ रेग्मीले पुस्तकमा प्राध्यापकका जीवनका भोगाइ र अनुभव बहुरङ्गी बगैँचाका फूल जस्तै गरी प्रस्तुत भएको टिप्पणी गर्नुभयो । समाजका अध्यक्ष कृष्णप्रसाद पौडेलले निवृत्त प्राध्यापकको परिचय र अनुभव समेटिएको पुस्तक प्रकाशनबाट विश्वविद्यालयमा प्राध्यापन गर्ने आउँदो पुस्ताका लागि पनि महत्त्वपूर्ण शिक्षा मिल्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा समाजका उपाध्यक्ष प्रा पद्मशरण रेग्मी, सचिव एवं प्रधान सम्पादक प्राडा ज्ञानबहादुर कार्की, सहसम्पादक प्राडा कृष्णप्रसाद पौडेल, पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुख प्राडा सरोज कोइराला, प्राडा यादव शर्मा गौडेल, प्राज्ञ रमेश श्रेष्ठ लगायतले प्रकाशित पुस्तक एवं अन्य विविध पक्षमा आ-आफ्ना धारणा राख्नुभयो ।

## भन्सार दर घटेपछि सुन र चाँदीको मूल्य घट्यो

रासस
काठमाडौं, १० मंसिर

सरकारले भन्सार दर घटाएपछि सुन र चाँदीको मूल्य घटेको छ।

आइतबार प्रतितोला रू एक लाख ६७ हजार दुई सयमा कारोबार भएकामा सोमबार घटेर प्रतितोला रू एक लाख ५१ हजार तीन सय कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ। त्यस्तै, चाँदीको मूल्य आइतबार प्रतितोला रू एक हजार नौ सय ६० मा कायम भएकामा आज घटेर आज रू एक हजार आठ सय ४५ कायम भएको छ । प्रतितोला रू एक सय १५ घटेको हो । सुन आयातमा २० प्रतिशत भन्सार लाग्दै आएकामा त्यसलाई घटाएर १० प्रतिशत बनाइएको छ । त्यस्तै, चाँदीको १५ प्रतिशत भन्सार लाग्ने गरेकामा त्यसलाई पनि पाँच प्रतिशत बिन्दुले घटाएर १० प्रतिशत कायम गरिएको छ । उच्च भन्सार दरका कारण भारतबाट नेपालमा सुन तस्करी भएको भन्दै सरकारले भन्सारदर घटाएको थियो ।

## बिआरआईमा ऋण लिनुको साटो अनुदान लिनुपर्छ : सभापति देउवा

रासस
काठमाडौं, १० मंसिर

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बिआरआई) मा ऋण लिनुको साटो अनुदान लिनुपर्ने बताउनुभएको छ । जनकपुरधामउपमहानगरपालिका-२३ स्थित लोहनामा प्रजातान्त्रिक आन्दोलनका अगुवा अरविन्द ठाकुरको प्रतिमा अनावरण गर्न आउनुभएका सभापति देउवाले आज जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उहाँले ऋण लिनु ठीक नभएर अहिले अनुदान नै उपयुक्त भएको बताउनुभयो ।

सभापति देउवाले चीन नेपालको असल मित्रराष्ट्र भएकाले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणबाट सम्बन्धलाई थप बलियो बनाउन मद्दत पुग्ने बताउनुभयो । फरक प्रसङ्गमा सभापति देउवाले मधेश प्रदेश सरकारको नेतृत्व परिवर्तनका लागि कांग्रेस एक्लैले केही गर्न नसक्ने भएकाले यसका लागि गठबन्धन दलभित्र छलफलको आवश्यकता रहेको बताउनुभयो । सभापति देउवाले कांग्रेस एक ढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

## दूधबाट गाउँ भित्रिन्छ महिनाकै करोड

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

कास्कीको माछापुच्छे गाउँपालिका-३ घाचोकको माछापुच्छे एकता दूध उत्पादक सहकारी संस्था लिमिटेडबाट दैनिक आठ सय लिटर दूध पोखरा आइपुग्छ।

त्योमध्ये सात सय लिटर दूध जिल्ला सहकारी संघ लि, कास्कीद्वारा सञ्चालित सहकारी डेरी उद्योगले खरिद गर्छ । उक्त सहकारीले बाँकी दूध निजी डेरी उद्योगलाई बिक्री गर्दै आएको छ । सहकारीका सचिव पदम नेपालीका अनुसार गाउँमा उत्पादित दूध घाचोकमा रहेका दुईवटा सङ्कलन केन्द्रमार्फत बजार पठाउने गरिएको छ। "सुरूमा ६० लिटरबाट सुरू गरिएकामा अहिले दैनिक आठ सय लिटर दूध बजार पुग्छ", उहाँले भन्नुभयो, "व्यावसायिक गाईभैँसी पाल्ने किसान पनि थपिँदै जानुभएको छ, सरकारले तोकेको मूल्य नियमति रूपमा पाएपछि दूध किसान सन्तुष्ट हुनुहुन्छ ।" दूधमा हुने 'ल्याक्टो' र 'फ्याट' जाँचको आधारमा प्रतिलिटर रू ६८ देखि रू ७३ सम्म किसानले पाउने गरेको सचिव नेपालीले बताउनुभयो । डेरी उद्योगले प्रतिलिटर रू ७४/७५ सम्ममा सहकारीबाट दूध खरिद गर्ने गरेको उहाँको भनाइ छ।

पोखराको सहकारी डेरी उद्योगलाई मासिक सात सय लिटर दूध उपलब्ध गराउने सम्झौता अनुसार कारोबार भइरहेको सचिव नेपालीले बताउनुभयो । उक्त उद्योगमा आठ वटा दूध्य उत्पादक सहकारीले दैनिक रूपमा दूध उपलब्ध गराउँदै आएका छन् । उद्योगका सुपरभाइजर कृष्ण अधिकारीले ती सहकारी संस्थाबाट दिनमा ३५ सयदेखि चार हजार लिटरसम्म दूध आउने गरेको जानकारी दिनुभयो । "उद्योगले महिनामा झण्डै एक करोड रूपैयाँ बराबरको दूध किसानबाट खरिद गर्छ", उहाँले भन्नुभयो, "बिक्री पनि सरकारले तोकेको उपभोक्ता मूल्य अनुसार भइरहेको छ ।" डेरी उद्योगले दिनमा झण्डै रू तीन लाख बराबरको दूध गाउँका किसानबाट ल्याउने गरेको छ।

सरकारले तोकेको दरमा दूधको भुक्तानी हरेक १५/१५ दिनमा किसानलाई उपलब्ध गराउने गरिएको उद्योगका सुपरभाइजर अधिकारीले बताउनुभयो ।

माछापुच्छे गाउँपालिकासहित पोखरा महानगरपालिकाभित्र पर्ने हेम्जा, सुइखेत, पुम्दीभुम्दी र कास्कीकोटबाट दूध उद्योगमा भित्रने गरेको छ । सहकारीले किसानबाट सङ्कलन गरेर ल्याएको दूधलाई प्रशोधन र गुणस्तर सुनिश्चित गरेर मात्र बजारमा बिक्री गर्ने गरेको उद्योगका सुपरभाइजर अधिकारीले बताउनुभयो । खाद्य तथा गुणस्तर नियन्त्रण कार्यालयले तय गरेको मापदण्ड अनुसार नै उद्योगले विभिन्न दूधजन्य वस्तुको उत्पादन तथा बिक्रीवितरण गर्दै आएको उहाँको भनाइ छ । उद्योगले कच्चा दूधलाई प्रशोधन गरेर दैनिक दुई हजार लिटरसम्म बजारमा बिक्री गर्दै आएको छ। दूधबाहेक पनिर, दही, नौनीलगायत वस्तु डेरीले उत्पादन गर्दै आएको छ। रू दुई करोड बराबरको अत्याधुनिक उपकरणजडित उद्योगबाट छिट्टै खुवा र आइसक्रिम पनि उत्पादनको लक्ष्य लिइएको छ । विसं २०५७ मा स्थापित उक्त डेरी उद्योगले दूग्धजन्य वस्तु बेचेर मासिक आठ देखि दशलाखसम्म मुनाफा आर्जन गर्ने गरेको छ । उद्योगमा दस जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । डेरी उद्योगका लागि दुई वर्षअघि नेपाल सरकारले 'नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना'मार्फत रू एक करोड अनुदान उपलब्ध गराएको सङ्घका अध्यक्ष सावित्रा कोइरालाले बताउनुभयो । पाँच वर्षअघि कास्कीस्थित सहकारी रजिष्ट्रार कार्यालयले पनि उपकरण खरिदका लागि रू १४ लाख सहयोग गरेको उहाँको भनाइ छ। पोखरा महानगरपालिका-७ स्थित सङ्घको आफ्नै कार्यालय भवन परिसरमा डेरी उद्योग सञ्चालित छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# लैंगिक हिसा विरुद्धको अभियान

हामी सबैको प्रतिबद्धताः लैंगिक हिंसा अन्त्यका लागि अभियान' भन्ने राष्ट्रिय नाराका साथ ३३औँ अन्तर्राष्ट्रिय लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सोमबार अर्थात् नोभेम्बर २५ देखि सुरु हुँदैछ। हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैंगिक हिंसा विरुद्धको अभियान चलाउने गरिन्छ। महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपाल, महिला अधिकारका लागि राष्ट्रिय अभियान (एनसीडब्लुआर), महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल (एनएडब्लुएचआरडी), तरंगिनी फाउण्डेसन, एक्सनएड, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), केयर नेपाल, मुक्ति नेपाललगायत संस्थाले आइतबार संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा सहभागीहरूले हिंसा प्रभावित महिलाले न्यायमा पहुँचको कमी भएको र उनीहरूको न्यायमा पहुँच बढाउनपर्ने जरूरी रहेको धारणा राखेका थिए।

नेपालको संविधानमा महिलाको हकको छुट्टै व्यवस्था गरेको भए पनि अझै महिला हिंसामा कमी आउन नसकेको कारण हिंसा विरुद्ध अभियान चलाउनु परेको छ। यो अभियान चलाउँदा हामी कुन अवस्थाबाट गुज्रिएका छौँ भन्ने देखाउँछ। अभियानका क्रममा नेपालको संविधान २०७२ र संविधानको धारा ३८ को महिलाको हक कार्यान्वयन गर्नुपर्ने, राज्यले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धता तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेबारे ध्यानाकर्षण गराइने छ। हुनत वडा स्तरबाट हुने काम पनि माथ पन्झज यस्तै, अभियानका मागहरूमा सबै प्रकारका भेदभावपूर्ण नीति, अभ्यास र मूल्यमान्यता तत्काल खारेज तथा सामाजिक रूपान्तरणका लागि समुदायिक तहदेखि राष्ट्रिय तहसम्म अभियान सञ्चालन गर्नुपर्नेलगायत रहेका छन्।

सरकारी तथा गैरसरकारी संस्थाहरू मिलेर १६ दिने अभियानका क्रममा महिला तथा बालिकामाथि भएको विभेद र हिंसाबारे प्रतिकात्मक नाटक प्रदर्शनी, हिंसाको विश्लेषणात्मक पुस्तक अन्वेषी सार्वजनिक र सरोकारवाला पक्षहरूसँग बृहत् भेला र देशभर गोष्ठीलगायत कार्यक्रम गर्ने जनाइएको छ। लैंगिक हिंसा विरुद्धको अभियान १६ दिन चलाएर पुग्दैन। यो त वर्ष दिनभरि नै चलाउ पर्नेछ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | शुभ यात्रा | तुला | शारीरिक झमेला |
| वृष | स्वास्थ्यमा सुधार | वृश्चिक | मानसिक तनाब |
| मिथुन | सहयोग मिल्नेछ | धनु | ब्यापारमा लाभ |
| कर्कट | अप्रत्यसित लाभ | मकर | शत्रुको भय |
| सिंह | सत्कार मिल्नेछ | कुम्भ | झमेला बड्ने |
| कन्या | आर्थिक समस्या | मीन | कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# बेर्ना बेचेर एकै याममा दुई लाख आर्जन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० मंसिर

विगत ४१ वर्षदेखि व्यावसायिक रूपमा सागसब्जीका बेर्ना उत्पादन गर्दै आउनुभएका बेनी नगरपालिका–२ खबराका ६२ वर्षीय चन्द्रबहादुर कार्की यतिबेला तिनको बिक्रीमा व्यस्त हुनुहुन्छ।

जिल्लाको पर्यटकीयस्थल लम्लीहिलसँगै जोडिएको जग्गामा उहाँले उत्पादन गरेका प्याज, काउली, ब्रोकाउली, बन्दा, गोलभेँडाका बेर्ना खरिद गर्नेको दैनिक भीड लाग्ने गरेको छ। दैनिक ६० जनाभन्दा बढी ग्राहक बेर्ना खरिद गर्न आफ्नो नर्सरीमा आउने गरेका उहाँले बताउनुभयो। मङ्सिर पहिलो सातासम्म बिरुवा बिक्री गरेर उहाँले रु दुई लाखभन्दा बढी आम्दानी गरेको जानकारी दिनुभयो। "हालसम्म रु दुईलाख १० हजार बराबरका बेर्ना बेचेँ। नर्सरीमा विभिन्न जातका बेर्ना हुर्कदै छन्" उहाँले भन्नुभयो। उहाँको परिवारका चार सदस्यको इलम पनि बेर्ना उत्पादन भएको छ।

# रिमझिम बल क्यान्डी बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

सुजल फुड्स प्रालिले लोकप्रिय क्यान्डी 'रिमझिम बल' पुनः बजारमा ल्याएको छ।

नेपाली अग्रणी कन्फेक्सनरी उद्योग सुजलले सन् १९७६ मा पहिलोपल्ट ल्याएको उक्त क्यान्डीको मिठो र पिरो स्वादको मिश्रणलाई धेरैको बाल्यकाल यादगार बनाउन सहयोग गरेको थियो। जसलाई माया गरेर 'ब्ल्याक बल' पनि भन्ने गरिन्थ्यो। सुजल फुड्सले फेरि एकपटक उपभोक्तामाझ पिरो मिश्रित मिठो स्वादको पुरानो याद ताजा बनाउन रिमझिम बल पुनः लन्च गरेको जनाएको छ।

यो क्यान्डीको पुरानाको स्वाद जस्ताको तस्तै राखिएको छ। अब ४.५ ग्रामको क्यान्डी मात्र २.५ रुपैयाँमा पाइनेछ। यो आकर्षक जार तथा प्याकेटमा उपलब्ध छ। जसमा क्यान्डीका




विशेषता स्पष्ट देख्न सकिन्छ। साथै पारदर्शी डिजाइनले जार तथा प्याकेटको सामग्रीलाई स्पष्टरुपमा प्रस्तुत गर्छ। जारमा १५० पिस र प्याकेटमा ८० पिस स्वादिलो रिमझिम बल राखिएको छ।

पछिल्लो समय विभिन्न मिडिया प्लेटफर्ममा ओरिजिनल ब्ल्याक बल क्यान्डीबारे निकै चर्चा र उपभोक्ताको मागका कारण यसलाई पुनः पोखराबाट लन्च सुरु गरिएको कम्पनीले जनाएको छ। यो, अब छिट्टै देशैभर उपलब्ध हुनेछ। मिठो पिरो क्यान्डी र ब्लाक बलको ब्यानरमुनि कम्पनीले पुनः लन्चिङका विभिन्न क्रियाकलाप गर्ने जनाएको छ।

# 'बिबिए' तहमा धौलागिरि क्याम्पसका छात्र रिजाल उत्कृष्ट

**पोखरापत्र संवाददाता**
बागलुङ, १० मंसिर

धौलागिरि बहुमुखी क्याम्पसमा बिबिए तहमा अध्ययनरत छात्र लक्ष्मण रिजाल गण्डकी प्रदेशमै उत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएका छन्।

क्याम्पस प्रमुख रामप्रसाद उपाध्यायले बिबिए तहमा गौतमले गण्डकी प्रदेशमा सर्वोत्कृष्ट नतिजा ल्याएको जानकारी। गत वर्ष पनि सोही तहमा क्याम्पसकै छात्रा प्रतीक्षा गौतमले देशभरमै प्रथम भएकी थिइन्। हरेक सेमेस्टरमा उनीहरू उत्कृष्ट भएका छन् भने लगातार शतप्रतिशत परीक्षाफल निकाल्ने क्याम्पस सफल भएको क्याम्पस प्रमुख उपाध्यायले बताउनुभयो। गत वर्ष क्याम्पसले गुणस्तर सुनिश्चित प्रत्यायन (क्युएए) प्रमाणपत्र पाएको थियो। यो प्रमाणपत्रले आवश्यकताका आधारमा सङ्काय थप गर्ने अधिकार क्याम्पसले पाएको छ। तर त्यस बाहेक थपिएका पछिल्ला सङ्कायमा विज्ञान र बिबिए तहमा नतिजा राम्रो निकालेको छ। क्याम्पसले पछिल्लो समय कूल प्राध्यापकमध्ये ५० प्रतिशत स्थायी गरेको छ भने स्वतन्त्र विद्यार्थी युनियनको अगुवाइमा आन्तरिक परीक्षा प्रणाली समेत सञ्चालन गर्दै आएको छ। यस्ता कामले गुणस्तर बढाउने अभियानमा थप मद्दत पुगेको स्ववियु सभापति सुदीप सागर कँडेलले बताउनुभयो। पुस्तकालय, प्रयोगशाला र प्रविधिमैत्री पढाइको सूचक भएकाले क्यामपस अब्बल बन्दै गएको छ। पछिल्लो तीन वर्षदेखि त यहाँको विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा सङ्कायका विद्यार्थीले अनुसन्धानका काम गरिरहेका छन्। क्युएएका लागि अनुसन्धानमूलक कार्यक्रमलाई अनिवार्य बनाइएको छ।

# दृष्टिविहीन विश्वकप क्रिकेट : नेपालद्वारा अफगानिस्तान पराजित

**रासस**
काठमाडौं, १० मंसिर

दृष्टिविहीन टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबारको खेलमा नेपालले अफगानिस्तानलाई पराजित गरेको छ। नेपालले अफगानिस्तानलाई एक सय आठ रनले हराएको हो।

पाकिस्तानको लाहोरमा जारी दृष्टिविहीन विश्वकप क्रिकेटअन्तर्गत आफ्नो तेस्रो खेलमा नेपालले टस हारेपछि पहिला ब्याटिङ गरेको थियो। नेपालले जितका लागि अफगानिस्तानसामु दुई सय २९ रनको लक्ष्य प्रस्तुत गरेको थियो। तर अफगानिस्तानले सवै विकेट गुमाएर एक सय २० रन मात्र बनाउन सक्यो। नेपालका लागि उपकप्तान पदमबहादुर बडैला र नरेश चौधरीले अर्द्धशतकीय पारी खेले। बडैलाले ५१ बलमा अविजित रहेर ९२ रन तथा चौधरीले ६२ बलमा अविजित ७२ रन बनाए। यस्तै भरत थापाले २१ तथा सागर लामाले चार रन बनाए। अफगानिस्तानका बलरहरूले नेपाललाई ३९ अतिरिक्त रन दिएका थिए। यस्तै नेपालविरुद्ध ब्याटिङ गर्दै अफगानिस्तानका अबाशीनले ५२, द्वारनले २१ तथा शराफतले १३ रन बनाए। बलिङतर्फ नेपालका लागि सुनिल राना मगरले तीन तथा भरत थापा, अमिश गुरागाईँ र सुनिल सुवेदी क्षेत्रीले एक एक विकेट लिए। नेपालले मङ्गलबार दक्षिण अफ्रिकासँग चौथो खेल खेल्ने छ। यसअघि नेपाल पहिलो खेलमा श्रीलङ्कासँग तथा दोस्रो खेलमा बङ्गलादेशसँग पराजित भएको थियो। दृष्टिविहीन विश्वकप क्रिकेट प्रतियोगितामा नेपालसहित, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र दक्षिण अफ्रिका सहभागी छन्

# सराङकोट सहकारीबाट विद्यार्थीलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

सराङकोट बहुउद्देश्यीय सहकारी संस्थाले समाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत ज्ञानभुमी माध्यमीक विधालयका विधार्थीहरुलाई सहयोग वितरण गरेको छ।

स्थापनादेखि सहकारी सिद्दान्त अनुसारका कार्यहरुसहित संस्थाको १८ औ वार्षिक उत्सव सगै संस्थापक अध्यक्ष स्वार्गिय लोक बहाद्रु थापाको स्मृतिमा सहयोग गरीएको अध्यक्ष कृष्ण बहादुर थापाले बताए।

बिद्यालयमा कक्षा १ मा अध्यनरत १८ जना विधार्थीहरुलाई पोसाक स्टेशनरी समान र संस्थापक अध्यक्षका छोरा श्यामकृष्ण थापा बाट कार्पेटिङ सहयोग गरीएको थियो। साथै सोही कोष मार्फत संस्थाका सदस्य ब्लडक्यान्सर उपचारमा रहेका राम चन्द्र अधिकारी लाई रु २५००० र सदस्यहरुबाट संङकलीत रकम




समेत हस्तानतरण गरीएको थियो। संस्थाले उपचारमा सहयोग गर्न सम्पुर्णमा अनुरोध समेत गरेको छ। संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको सभापतित्वमा भएको कार्यक्रममा, विधालय ब्यवस्थापन समितिका अध्यक्ष प्रेम शेरचन, संस्थाका सल्लाहकार सोभियत बहादुर अधिकारी, सचिव कुल प्रसाद सुवेदी, सह सचिव माया कुमारी शर्मा, शिक्षा समिति संयोजक जयराम पौडेल, रेडियो सराङकोटका निर्देशक चिन्तामणि वास्तोला, प्रधानध्यपक विनोद राज सुवेदी, ब्यवस्थापक सुरेन्द्र थापा, लगायतले संस्थागत भनाई राखेका थिए। सहकारी मार्फत कुल ५३ करोडको कारोबार संगै रेडियो सराङकोट संचालन ,विविध समाजिक कार्यहरु गदै आएको छ।

# जोण्टा क्लव अफ पोखराको आयोजनामा अन्तर विद्यालय चित्रकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १० मंसिर

विभिन्न सचेतनामुलक कार्यक्रम आयोजना सहित लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान थालनि गरेको जोण्टा क्लव अफ पोखराले सोमबार अन्तर विद्यालय चित्रकला प्रतियोगिता सम्पन्न गरेको छ।

प्रतियोगितामा सैनिक आवसिय विद्यालयका एरिका केसी प्रथम, पश्चिमाञ्चल सेकेण्डरी स्कुलका रुक्साना पुनले द्वितिय, कालिका सेकेण्डरी रोश्मी मगरले तृतीय तथा समता निकेतनका सुमन गैह्रेले सान्त्वना स्थान हाँसिल गरे।

प्रतियोगिताका वितेताहरुलाई एक समारोहका विच नगद सहित ट्रफि, प्रमाण-पत्रले पुरस्कृत गरियो। उनीहरुलाई आयोजक क्लवका अध्यक्ष रोजिना रंजित बिजुक्छे, मिस नेपाल इन्टरनेशलन



करुणा रावत, क्लवका निवर्तमान अध्यक्ष मोनिका थापा लगायतले पुरस्कार प्रदान गरे। सो अवसरमा बोल्दै कार्यक्रमका संयोजक बन्दना कार्की केसीले समाज रुपान्तरणमा सकारात्मक सन्देश प्रवाह गर्नका लागि जोण्टाले विभिन्न कार्यक्रमको आयोजना गरेको बताउनुभयो। क्लवले अभियान अन्तर्गत सडक नाटक, क्याण्टल लाइट लगायतको कार्यक्रम आयोजना गर्ने उहाँले जानकारी दिनुभयो।

पोखराको घारिपाटनस्थित आभ्या क्लवमा सम्पन्न प्रतियोगिताका निर्णायक मनोज तामाङ्गले सहभागि सबैले उत्कृष्ट चित्र बनाएको बताउँदै केहि नम्बरको अन्तरमा मात्रै विजयी घोषणा गर्नुपरेको बताउनुभयो। कलाकार कृपा श्रेष्ठ पनि निर्णायकमा रहनुभएको थियो। क्लवका सचिव सृजना कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

**Jaimini Municipality**
Kushmisera, Baglung
Gandaki Province, Nepal

**Invitation for Bids**

(Date of Publication: 2081-08-11 BS (2024-Nov-26 AD)

1.Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the Temple maintenance works mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc.Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Belbagar Radhakrishna mandir Gaithundham mandir nirman | JM/BAGLUNG/ NCB/W/B/ 3/2081/82 | NRs.26,99,462.66 | NRS 3000 | 67500 |
| 2 | Paschim debata (Kamaljaisi mandir) purbadhar nirman | JM/BAGLUNG/ NCB/W/B/ 4/2081/82 | Nrs.26,99,853.25 | NRS 3000 | 67500 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# नेपाल फर्निचरको सोरुम पोखराको प्रस्र्याङमा विस्तार

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



पर्यटकीय नगरसी पोखरामा नेपाल फर्निचरको चौथो शाखा विस्तार भएको छ । पोखरामा फर्निचरको माग बढी भएकोले आफ्नो शाखा विस्तार गरिएको नेपाल फर्निचरका संचालक एवं युवा व्यवसायी सुजन अधिकारीले बताउनु भयो ।

केन्द्रिय कार्यालय काठमाण्डौंमा रहेको नेपाल फर्निचरले स्वदेशमा उत्पादित बस्तुबाट गुणस्तरिय र टिकाउका फनिचर तथा फर्निसिङका सामानहरु उत्पादन गर्दै आएको उहाँले जनाउनु भयो । उहाँले भन्नु भयो“ हामीले नेपालीको माया गर्ने र नेपाली उतपादन मन पराउने ग्राहकहरुको लागि उहाँहरुको इच्छा र चहाना अनुसारका फर्निचर हामी उत्पादन गरेर दिन सक्छौं । ” शिसौबाट निर्माण हुने फर्निचरका सामानहरु पछिल्लो समयमा नेपालीहरुले अत्याधिक मन पराउने गरेको संचालक अधिकारीले जनाउनु भयो । चितवन र वुटवलमा समेत शाखा विस्तार गरेको नेपाल फर्निचरले पोखरामा शाखा विस्तार गरेसंगै नेपालका अन्य शहरमा समेत विस्तार गर्ने योजनामा रहेको छ ।

करिब १ सय जनालाई प्रत्यक्ष रोजगार दिएको उक्त उद्योगले काठमाण्डौंमा विभिन्न डिजाइनका फर्निचर तथा फर्निसिङका सामानहरु बनाउने गरेको छ भने अन्य शाखामा सोरुमबाट बिक्रि वितरण गर्दै आएको हो । पोखराको प्रस्र्याङमा रहेको उक्त सोरुममा उद्घाटनको अवसरमा फर्निचरका सामानहरु खरिमा बिषेश छुटको व्यबस्था गरेको संचालक अधिकारीले पोखरापत्रलाई बताउनु भयो । ११ बर्ष अघि सुरु भएको उक्त उद्योग संचालनमा सुरुमा केही बर्ष कठिन भए पनि केही बर्ष देखि नेपाली उत्पादनका सामानको महत्व बुझ्ने केही व्यक्तिहरु आफ्नो सोरुममा आउने गरेको उहाँले जनाउनु भयो । विदेशबाट आयात हुने फर्निचर तथा फर्निसिङका सामानमा अखौंको रुपैया विदेशीने हुदा त्यसलाई रोक्न पनि आफुहरुको अभियान रहेको अधिकारीको भनाई छ ।

गुणस्तरीय, आकर्षक र आफ्नो बजेट तथा चाहना अनुसारको सामान ग्राहकले अडर दिन सक्ने उहाँले जनाउनु भयो । यसैबिच, पोखरा शाखाको सोरुम पोखराका चर्चित पत्रकार अपिल त्रिपाठीले उद्घाटन गर्नुभएको थियो ।

# विद्यार्थीद्वारा व्यावसायिक च्याउखेती

पोखरापत्र संवाददाता
मनाङ, १० मंसिर

सुन्दरबजार नगरपालिका-६ स्थित सयपत्री आवासीय माध्यमिक विद्यालयका विद्यार्थीले व्यावसायिक रूपमा च्याउखेती सुरु गरेका छन् । पढ्दै, सीप सिक्दै र कमाउँदै कार्यक्रमअन्तर्गत विद्यार्थीले च्याउखेती सुरु गरेका छन् ।

गत वर्षदेखि च्याउखेतीको सुरुआत गरेका विद्यार्थीले यसवर्ष व्यावसायिक रूपमा दुई सय ५० पोका च्याउ नगरपालिकाबाट अनुदानमा पाएपछि उत्पादनमा जूटेका हुन् । विद्यालयका प्रधानाध्यापक ज्ञानेन्द्र शर्माका अनुसार विद्यार्थीले उत्पादन गरेको च्याउ उनीहरुले बजारमा बेच्ने गरेका छन् । च्याउ बिक्रीबाट प्राप्त भएको आम्दानीबाट खेती गर्दाको खर्च कटाएर उनीहरुको शैक्षिक क्रियाकलाप, छात्रवृत्ति, राहत र अतिरिक्त क्रियाकलापमा खर्च गरिने उहाँले जानकारी दिनुभयो । गतवर्ष सानो सङ्ख्यामा परीक्षणको रूपमा च्याउखेती थालेका विद्यार्थी उत्पादन भएपछि यसतर्फ थप आकर्षित भएका छन् । “विद्यार्थीहरुले उत्पादन गरेको च्याउ भनेपछि बजारमा सबैले किनिदिनुहुन्छ । यसले उनीहरुलाई उत्साह पनि बढेको छभने विद्यार्थीले सीपसमेत सिकिरहेका छन्”, प्रधानाध्यापक शर्माले भन्नुभयो । विद्यालयलेयोशैक्षिकसत्रदेखिसाताको एक दिन किताबबिना विद्यालय बोलाउने गर्दछ । उक्त ‘बुक फ्रि डे’को दिन विद्यार्थीलाई विभिन्न परियोजनात्मक काममा लगाउने गरिएको प्रधानाध्यापक शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, “उक्त दिन विद्यार्थीले विभिन्न व्यवहारिक सीप सिक्ने र सोही सीपलाई आफ्नो समाज र परिवारमा उपयोग गर्ने गरेका छन् ।” अतिरिक्त क्रियाकलाप, कृषि कार्यक्रम, विभिन्न स्थानको अवलोकन, बजार सरसफाइलगायत व्यवहारिक काममा विद्यार्थीलाई सक्रिय बनाउने गरिएको प्रअ शर्माले बताउनुभयो । उहाँका अनुसार विद्यार्थीहरु किताबी अध्ययनबाट मात्र व्यवहारिक नबन्ने भन्दै एक दिन किताब बाहिरका विषयवस्तुका बारेमा जानकारी दिने, अवलोकन, अध्ययन र सीपमूलक काममा लगाउने गरिएको हो । यही परियोजनाअन्तर्गत विद्यार्थीले बिहीबार र शुक्रबार च्याउखेती गर्न थालेका प्रअ शर्माले जानकारी दिनुभयो । “च्याउ उत्पादनका लागि पराल तथा पानी उमाल्न दाउरा विद्यालयले खरिद गरी उपलब्ध गरिदिएको छ । दुई सय ५० पोका च्याउ अनुदानमा सुन्दरबजार नगरपालिकाको कृषि विकास शाखाले उपलब्ध गराइदिएको हो”, उहाँले भन्नुभयो । “च्याउका पोकालाई राख्नका लागि विद्यालयले कोठा उपलब्ध गराएको छ । च्याउ उत्पादन भएपछि विद्यार्थीले विभिन्न तौलका पोका बनाएर बजारमा बिक्री गर्दछन्”, प्रअ शर्माले भन्नुभयो, “विद्यार्थीलाई स्थानीय नागरिक तथा विद्यालयका शिक्षकहरुले सहयोग गरिरहेका छौं ।” गतवर्ष परीक्षणको रूपमा ४० पोका च्याउखेती गरिएको भन्दै त्यसबाट रु ३८ हजार आम्दानी भएको उहाँले जानकारी दिनुभयो ।

विद्यार्थीहरुकै रेखदेखमा उत्पादन हुने च्याउका लागि प्राविधिक सहयोगसमेत कृषि विकास शाखाले उपलब्ध गराएको छ । गत वर्ष उत्पादन भएको च्याउबाट विद्यार्थीले परिवारमासमेत आफ्नो मेहनतको स्वाद चखाउन पाएका थिए भने शैक्षिक क्रियाकलापका लागि केही रकम जम्मा पनि गरेका विद्यालय प्रशासनले जनाएको छ । विद्यार्थीद्वारा उत्पादित च्याउमा कुनै विषादी प्रयोग गरिँदैन । बजारमा बाहिरबाट आउने च्याउभन्दा स्वस्थकर हुने भएकाले उपभोक्ताले पनि रुचाएका विद्यार्थी र शिक्षकको अनुभव छ । विशेषगरी विद्यार्थीलाई सैद्धान्तिक अध्ययनसँगै व्यवहारिक अभ्यास गराउने उद्देश्यसले यो कार्यको थालनी गरिएको विद्यालयले जनाएको छ । “किताब पढ्ने मात्रै होइन यसलाई व्यवहारमा उतार्न पनि च्याउखेती गरेका हौं”, कक्षा ८ की छात्रा अनुशा अधिकारीले भन्नुभयो, “भविष्यमा कृषि गर्न चाहनेलाई यसले सीप र अनुभव दिन्छ भने अन्य व्यक्तिलाई सिकाउन पनि सकिन्छ ।” कक्षा ७ की संस्कृति श्रेष्ठले पढाइसँगै सीप र आम्दानीबाट शैक्षिक क्रियाकलापमा सहयोग पुगोस् भनेर च्याउखेती गर्दै आएका बताउनुभयो । “बुक फ्रि डेबाहेक अन्य दिनमा सैद्धान्तिक अध्ययनबाट बचेको समयमा च्याउखेतीको हेरचाह गर्ने पालो मिलाएका छौं”, उहाँले भन्नुभयो ।

# सृजना माविमा पुरस्कार वितरण

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



पोखरा-८, सृजनाचोक शान्तिमार्गमा अवस्थित सृजना सेकेण्डरी स्कुलमा यही मंसिर ६, ७ र ९ गते त्रिदिवसीय रूपमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । गत शैक्षिक सत्र २०८० मा नर्सरीदेखि कक्षा १० सम्म आआफ्ना कक्षाको सेक्सनमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विद्यार्थीहरू लगायत अनुशासन, सरसफाईमा सर्वोत्कृष्ट हुन सफल तथा सतप्रतिशत हाजिरी भएका विद्यार्थीहरूलाई मङ्सिर ६ र ७ गते छुट्टाछुट्टै कार्यक्रमकाबीच पुरस्कार वितरण गरिएको थियो । भने मङ्सिर ९ गते आइतवारका दिन २०८१ साल असोज १६, १७ र १८ गतेका दिन सञ्चालन भएको प्रतिभा प्रस्फुटन कार्यक्रमको विभिन्न विद्यामा सहभागी भई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विद्यार्थीहरू पुरस्कृत भएका थिए ।

पुरस्कार वितरणको पहिलो दिन मंसिर ६ गते बिहीवार नर्सरीदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । विभिन्न क्षेत्रमा कार्यरत अभिभावकहरू अन्जन पोखेल, शिव कुमार भण्डारी, पितृ राज अधिकारी र सुशिल पौडेलले पुरस्कार वितरण गर्नुभएको थियो भने दोस्रो दिन मंसिर ७ गते शुक्रवार रामबहादुर बानिया, अच्युत कटेल, दिपा अधिकारी आचार्य र बालकृष्ण शर्माले पुरस्कार वितरण गर्नुभएको थियो । यसैगरी तेस्रो दिन मंसिर ९ गते प्रतिभा प्रस्फुटन कार्यक्रमको पुरस्कार वितरण गरिएको थियो । जसमा कक्षा (१-३), (४-५), (६-८) र (९-१०) का विद्यार्थीहरूबिच विभिन्न विद्या (एकल र समूह नृत्य, एकल र समूह गायन, कविता वाचन, वक्तृत्वकला, हाँस्यव्यङ्ग्य र नाटक) मा छुट्टाछुट्टै विधा र तहमा मूल्याङ्कन गरी विजेत विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो । उक्त कार्यक्रममा आशिका आले, कमलराज चुके, नारायण घताले र सरस्वती त्रिपाठीले पुरस्कार वितरण गर्नुभएको थियो ।

विद्यालयका प्राचार्य डोलराज पाण्डेको अध्यक्षमा सम्पन्न भएको उक्त कार्यक्रममा विद्यालयका सल्लाहकार कृष्णप्रसाद घिमिरेले पुरस्कृत सम्पूर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो । अभिभावकको तर्फबाट नारायण घतालेले शुभकामना मन्तव्य राख्नुभएको थियो । यसैगरी विद्यालयका निर्देशक सीता पाण्डेले पुरस्कार वितरण गर्नुहुने अभिभावकप्रति आभार प्रकट गर्दै र पुरस्कृत विद्यार्थीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन विद्यालय अतिरिक्त क्रियाकलाप प्रमुख मिन प्रसाद तिवारीले गर्नुभएको थियो ।


# आवश्यकता

सहिद प्रतिष्ठान नेपालद्वारा संचालित यस श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्कीका लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०८।०७ गतेको निर्णय अनुसार करारमा काम गर्न योग्य तथा दक्ष व्यक्तिको आवश्यकता परेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । यही मंसिर १७ गते अपरान्ह ४ बजेभित्र इच्छुक नेपाली नागरिकलाई आफ्नो नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ ।

| क्र.स. | पद | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | चौकिदार | सामान्य लेखपढ गर्न सक्ने |
| २. | कृषि सहयोगी | सामान्य लेखपढ गर्न सक्ने |

(१ उल्लेखित पदमा अनुभवी व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
(२) उल्लेखित पदमा आवेदन दिनुहुने आवेदकले आफ्ना सम्पूर्ण प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको सक्कल प्रति अन्तरर्वाताको समयमा ल्याउनु पर्नेछ ।
(३) सहिद, वेपत्ता योद्धा र द्वन्द्वपीडित परिवारका सदस्यहरुलाई आवासीय रुपमा पठन-पाठन गराइने यस विद्यालयमा आवासीय रुपमा सेवा दिन सक्ने र मोटर साइकलको सवारी चालक अनुमति पत्र भएको आवेदकलाई प्रथमिकता दिइनेछ ।
(४) उमेर हदः दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
(५) उल्लेखित पदका लागि निवेदन दस्तुर रु. ५००/- (रु. पाँचसय मात्र ) तोकिएको छ । सो को लागि राष्ट्रिय वाणिज्य बैंकमा यस विद्यालयको खाता नं.३४८०१०००१०७१३००१ मा जम्मा गरेर भौचर निवेदनमा अनिवार्य पेश गर्नुपर्नेछ
(६) उल्लेखित पदका लागि आपसी समझदारीमा तलब सुविधा दिइनेछ ।

**विस्तृत जानकारीको लागि सम्पर्क :**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६, ९८६६०१०४३६**



# सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१।०८।११ (पोखरा पत्र राष्ट्रिय दैनिक पत्रिका)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवं हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८१।०७।०६ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने सार्बजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः दोस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी १५ (पन्ध्र ) दिने यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धनी जमानी कर्ताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तपाईले ऋण सुरक्षण वापत लेखी लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलामबिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चलअचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | धनजमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता न : १४९५<br>**१. नाम : लिला गुरुङ**<br>जन्म मिति : २०३७।०८।०५<br>ना.प्र.नं. : ३८२६७<br>जारी मितिः : २०६३।०६।२४<br>बाबुको नाम : लाल बहादुर गुरुङ<br>पतिको नाम : कुल प्रसाद गुरुङ<br>बाजे/ससुरा : गन्दसिं गुरुङ<br>ठेगाना : सानोश्री ०५ बर्दिया<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९८०३५८०२९८<br><br>**धितो विवरण** : लिला गुरुङको नाममा रहेको छिनेडाडा वडा न. ०४ कित्ता नं. ५१९०, ३०८५<br>क्षेत्रफल ०-१-२-३, ०-१-२-१ रो. |  | **१. नाम : कुल प्रसाद गुरुङ**<br>जन्म मिति : २०२६।१२।२१<br>ना.प्र.नं. : ३३४७<br>जारी मिति : २०४५।०७।१५<br>बाबुको नाम : गन्दसिं गुरुङ<br>बाजे/ससुरा : रन बहादुर गुरुङ<br>ठेगाना : सानोश्री ०५ बर्दिया<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९७४६९७८६१५ |
|  | सदस्यता न : १६०४<br>**१. नाम : अनिता बि.क.**<br>जन्म मिति : २०५३।०३।११<br>ना.प्र.नं. : ४६०१७०१०५६७<br>जारी मितिः : २०७०।१२।२३<br>बाबुको नाम : जुल्फे सुनार<br>पतिको नाम : सुनिल बि.क.<br>बाजे/ससुरा : शिबलाल<br>ठेगाना : ढिकुरपोखरी ०१ कास्की<br>हाल : अन्नपुर्ण १ कास्की<br>सम्पर्क नं : ९८१६१८६०४३<br><br>**धितो विवरण** : अनिता बि.क. को नाममा रहेको तनहुँ स्याम्घा वडा न. ०७ कित्ता न. १०२<br>क्षेत्रफल १-३-०-३ रोपनी | | **१. नाम : मधुमाया सुनार**<br>जन्म मिति : २०२७।०५।१३<br>ना.प्र.नं. : ४६१०४५।३४४<br>जारी मितिः : २०६५।१२।२५<br>बाबुको नाम : चन्द्र बहादुर बि.क.<br>पतिको नाम : जुल्फे सुनार<br>बाजे/ससुरा : नन्दे सुनार<br>ठेगाना : ढिकुरपोखरी ०५ कास्की<br>हाल : अन्नपुर्ण ०३ कास्की<br>सम्पर्क नं : ९८१९१११७९१ |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.**
**फोन: ०६१-५७३३७५, ५७२२३६**